# ललितपुर महानगरपालिका

## यल महानगरपालिका

# स्थानीय राजपत्र

**ललितपुर महानगरपालिकाद्वारा प्रकाशित**

वर्ष ७, ललितपुर, मंसीर ८ गते, २०८० साल, अतिरिक्ताङ्क ६

## भाग - २

## महानगरपालिका स्तरीय  विपद् राहत मापदण्ड, २०८०

### १. प्रस्तावना

ललितपुर महानगरपालिका विभिन्न प्रकोपहरुसँग सम्मुख रहेको, प्रकोपहरु विपद्को रुपमा परिवर्तन भै आपत्कालीन अवस्था आउने गरेको र जीउधनको क्षति भैरहेको, क्षति नोक्सानी कम गर्न महानगरपालिकाले विपद् जोखिम

न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ दफा २७ बमोजिम महानगरपालिका नगरकार्यपालिकाबाट पारित गरी यो मापदण्ड जारी गरिएकोछ ।

## २. नाम र परिभाषा

२.१ संक्षिप्त नाम र प्रारम्भः यस मापदण्डको नाम ललितपुर महानगरपालिका स्तरीय "विपद् राहत मापदण्ड" रहने छ । नगरपालिकाबाट पारीत भएपछि लागु हुनेछ ।

२.२ यस मापदण्डमा प्रयोग भएका मुख्य शब्द तथा वाक्यांशलाई निम्नानुसार बुझिने छ ।

- "प्रमुख" भन्नाले ललितपुर महानगरपालिकाको नगरप्रमुखलाई सम्झनुपर्छ ।
- "उपप्रमुख" भन्नाले ललितपुर महानगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।
- "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले ललितपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।
- "आपत्कालीन अवस्था" भन्नाले जन वा धनको क्षति हुन नदिन वा कम गर्नका लागि तत्कालै उद्धार गर्नुपर्ने प्राकृतिक वा गैरप्राकृतिक विपद्को अवस्था सम्झनुपर्छ ।

- "केन्द्र" भन्नाले ललितपुर महानगरपालिकामा रहेको आपत्कालीन कार्यसञ्चालन केन्द्र सम्झनु पर्छ ।
- "महानगर स्तरीय विपद् व्यवस्थापन समिति" भन्नाले ललितपुर महानगरपालिकाको महानगरस्तरीय स्थानीय विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।
- वातावरण तथा विपद् व्यवस्थापन समिति भन्नाले नगरकार्यपालिकाबाट गठन भएको विषयगत समितिलाई सम्झनु पर्छ ।
- "सरोकारवाला निकाय" भन्नाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विपद् व्यवस्थापन र राहत कार्यमा संलग्न हुने वा हुन सक्ने सरकारी तथा गैर सरकारी निकायहरू र सामुदायिक सङ्घ संस्थालाई सम्झनु पर्छ र सो शब्दले संयुक्त राष्ट्रसंघीय वा अन्य अन्तर्राष्ट्रिय सङ्घ संस्थालाई समेत जनाउँछ ।
- "राहत" विपद्को समयमा वा विपद्बाट प्रभावित हुने सक्ने अवस्थामा जीवन सुरक्षा गर्न, जीउ धनमाथि असर कम गर्न, मानवीय पीडा कम गर्न र मानवीय आत्मसम्मान सुनिश्चित गर्न प्रदान गरिने नगद र जिन्सी सहयोगलाई जनाउँछ ।

- “आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना” भन्नाले ललितपुर महानगरपालिकाको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनालाई जनाउँछ ।
- “आपत्कालीन कोष” भन्नाले ललितपुर महानगरपालिकाले आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य तथा विपद्को लागि स्थापना गरेको कोषलाई जनाउँछ ।
- “विषयगत क्षेत्र” भन्नाले ललितपुर महानगरपालिकाको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गर्ने सांगठनात्मक संरचनामा रहेका र विभिन्न विषयमा पूर्वतयारी तथा प्रतिकार्य गर्ने समुह वा कार्यटोलीलाई सम्झनुपर्छ ।

## ३. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको गठन

- आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाको सांगठनात्मक संरचना अनुसार ललितपुर महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति तथा विपद् व्यवस्थापन शाखा र त्यस अन्तरगत रहेको आपत्कालीन कार्यसंचालन केन्द्रका सदस्यहरु सम्मिलित गराई राहत व्यवस्थापन तथा वितरण समन्वय समिति गठन गरिनेछ ।

- यस समितिमा नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वातावरण तथा विपद् समितिका अध्यक्ष र आपत्कालीन कार्य सञ्चालन केन्द्रका प्रमुख सदस्यहरु रहनेछन् ।

## ४. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम, कर्तव्य र अधिकार

- राहत वितरणको लागि आपत्कालीन कोषमा आवश्यक रकम जम्मा गर्ने
- विपद्बाट प्रभावित भएका परिवार तथा व्यक्तिको विवरण संकलन गर्न निर्देशन दिने
- राहत वितरण गर्दा प्राथमिकताको आधारमा राहत वितरण गर्न लगाउने
- विषयगत क्षेत्रलाई विषयगत क्षेत्रको राहत सामाग्रीको सूची तयार गर्न लगाई सो अनुसार मात्र राहत वितरण गर्न लगाउने
- राहत वितरण कार्य महानगर स्तरीय आपत्कालीन कार्यसंचालन केन्द्रको समन्वयमा एकद्वार प्रणाली मार्फत गर्न लगाउने
- राहत वितरण कार्यको अनुगमन तथा नीरिक्षण गर्ने

- आवश्यकता अनुसार वडास्तरमा वडास्तरीय राहत वितरण तथा समन्वय समितिहरु गठन गरी विषयगत क्षेत्रमा हुने राहत वितरणमा सहभागी गराउने

- जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल गरी केन्द्रबाट प्राप्त हुने राहत रकम प्रभावितहरुको लागि उपलब्ध गराउने

## ५. राहत वितरणको लागि अपनाइने सिद्दान्तहरु

ललितपुर महानगरपालिकाले राहत वितरणका लागि निम्नानुसारका विश्वव्यापी रुपमा स्वीकृत मानवीय सहयोग सम्बन्धी सिद्धान्तहरु आत्मसाथ गर्नेछ ।

| मानवीयता | तटस्थता | निक्ष्पक्षता | स्वतन्त्रता |
|---|---|---|---|
| राहत वितरणको उद्धेश्य जीउधन तथा स्वास्थ्य संरक्षण गर्ने रहनेछ । | राहत वितरण गर्दा महानगरपालिकाले कुनै विषेष वर्ग, समुह, जाती, धर्म वा राजनीतिक आस्थाको पक्ष लिने छैन । | आपतकालीन आश्यकतालाई ध्यानमाराख्दै तत्कालीन आवश्यकतालाई आधार मानिनेछ र कुनै पनि समुहको पक्ष लिइने छैन । | राहत वितरण कार्य कुनै पनि राजनीतिक, आर्थिक वा सैन्य उद्धेश्यसँग जोडिने छैन । |

माथिका सिद्धान्तहरु महानगरपालिका तथा मानवीय सहयोग गर्ने संघसंस्थामा पनि लागु हुनेछ । यसका साथै मानवीय सहयोग उपलब्ध गराउने संघ संस्थाले राहत वितरण कार्य मार्फत धर्म परिवर्तन गर्न पाउने छैनन् ।

राहत वितरण गर्दा महानगरपालिकाले अन्तराष्ट्रिय तथा राष्ट्रिय मापदण्डलाई आत्मसाथ गर्नेछ । आत्मसाथ गरिने केही मापदण्डहरु यस प्रकारका रहेका छन् ।

- मानवीय बडापत्र तथा मानवीय प्रतिकार्यका न्यूनतम मापदण्ड (स्फियर मापदण्ड)
- आधारभूत मानवीय मापदण्ड
- विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ (सातौ संशोधन २०७७)

## ६. राहत प्राप्त गर्ने व्यक्ति तथा परिवारको छनौट

ललितपुर महानगरपालिकाले राहत वितरणको लागि पारदर्शी राहत वितरण मापदण्ड अपनाउनेछ । राहतलाई दया वा मायाको कारणले उपलब्ध नगराई आपकालीन अवस्थामा विपद् पिडितले पाउने अधिकारको रुपमा लिइनेछ । राहत कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति हुनेछ । यसका साथै संकटासन्न समुदाय तथा व्यक्तिहरुलाई राहत वितरणमा प्राथमिकता दिइनेछ ।

श्रोतको उपलब्धताको आधारमा निम्नानुसारका प्राथमिकता तोकी राहत वितरण गरिने व्यक्ति तथा परिवार छनौट गरिनेछ ।

- मानवीय क्षति तथा घाइतेको संख्या
- भौतिक क्षति (पूर्ण रुपमा क्षति भएको घर र आंशिक रुपमा क्षति भएको घर)
- आयश्रोतमा परेको असर
- विशेष आवश्यकता भएका व्यक्तिहरुः ज्येष्ठ नागरिक, बालबालिका, अपांगता भएका व्यक्ति, विरामी, एकल महिला, सुत्केरी तथा गर्भवती महिला, रोजगारी वा नियमित आयश्रोत नभएका परिवार, वालवालिका, सुकुम्वासी, आदि

विशेष प्रकारको आपत्कालीन अवस्था सिर्जना भएमा राहत सामाग्री प्राप्त गर्ने व्यक्तिको आधार किटान गर्न सकिनेछ । उदाहरणको लागि कोभिड जस्तो महामारीको लागि यस प्रकारको छनौटको आधार लिन सकिन्छ ।

- पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने अति विपन्न श्रमिक ।
- पर्यटक भरिया, निर्माण सामग्री भरिया तथा सवारी साधन नचल्ने, बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने अति विपन्न व्यक्ति ।

- ट्रक, ट्रिपर, भ्यानमा सामान लोड अनलोड गर्ने अति विपन्न श्रमिक ।
- अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर ।
- आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाइ, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति ।
- गिटी कुट्ने, बालुवा चाल्ने तथा इटा भट्टामा काम गर्ने मजदुर ।
- निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका अति विपन्न मजदुर ।
- नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेलागाडा तथा साइकिलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने अति विपन्न मजदुर ।
- सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।
- स्याहार सुसार र हेरविचार गर्ने व्यक्ति नभएको शारिरीक तथा मानसिक रुपले पूर्ण अशक्त अपाङ्गता

भएको अति विपन्न नागरिक । स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

## ७. राहतको परिमाण

७.१ विपद् पीडित उद्धार र राहत मापदण्ड तथा महानगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधी २०८० अनुसार विपद् प्रभावित व्यक्ति तथा परिवारलाई जिल्ला विपद् व्यवस्थापन समितिसँग समेतको आवश्यक समन्वयमा निम्नानुसारको राहत उपलब्ध गराइने छ ।

- विपद्मा परि कुनै व्यक्तिको मृत्यु भए आपतकालिन राहत स्वरुप प्रतिव्यक्ति (मृतक) रु १००,००० ( अक्षेरुपी एक लाख) सम्म मृतकको परिवारलाई हुने छ ।
- विपद्मा परि अंगभंग भई उपचार गराउनै पर्ने अवस्था देखिएमार वडा विपद् ब्यवस्थापन कोषको बजेट अपुग भई लिखित जानकारी आएमा पीडित व्यक्तिलाई महानगर विपद् ब्यवस्थापन कोषबाट रु २०,००० (अक्षेरुपी बीस हजार) सम्म थप उपचार सहयोग दिइने छ ।
- विपद्मा परि अंगभंग भई उपचार गराँउनै पर्ने अवस्था देखिएमा पीडित व्यक्तिलाई वडा विपद् ब्यवस्थापन कोषबाट प्रतिव्यक्तिलाई रु १५,००० (

अक्षेरुपी पन्ध्र हजार) सम्म उपचार सहयोग वडा स्तरिय विपद् व्यवस्थापन समितिले दिन सक्नेछ ।

- विपद्बाट वासस्थान पुर्ण नष्ट भई छिमेकीको घरमा आश्रय वा अन्यत्र विस्थापित वा अस्थायी शिविरमा वस्नु पर्ने भए राहत स्वरुप विपद् ब्यवस्थापन कोषबाट स्थानीय विपद् जोखिम व्यवस्थापन समितिले प्रति परिवार रु १५,००० (अक्षेरुपी पन्ध्र हजार) सम्म प्रदान गर्ने छ ।

- विपद्बाट भण्डारण गरेको खाद्यान्य तथा जग्गाजमिनमा लगाएको वाली जग्गा जमिन नोक्सान भई तत्काल गुजाराका लागि कठिन अवस्था उत्पन्न भएको भए त्यस्तो परिवारको आपतकालीन भरण पोषणका लागि विपद् ब्यवस्थापन कोषबाट परिवारको आवश्यकता हेरी रु १०,००० (अक्षेरुपी दशहजार) सम्म राहत प्रदान गरिनेछ ।

नेपाल सरकारको विपद् पीडित उद्धार र राहत मापदण्ड अनुसार निम्नानुसारको राहत उपलब्ध गराउन महानगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्नेछ ।

- विपद्को घटनामा परी कुनै परिवारमा एक जनाको मृत्यु भएमा रु २ लाखका दरले राहत रकम उपलब्ध गराउने

- विपद्को घटनामा परी कुनै परिवारमा अन्य व्यक्तिको समेत मृत्यु भएमा प्रति व्यक्ति थप रु १ लाखका दरले  राहत रकम उपलब्ध गराउने

- विपद्को घटनामा परी कुनै परिवारमा सबै व्यक्तिको समेत मृत्यु भएमा कसैलाई पनि राहत रकम उपलब्ध नगराउने

- विपद्बाट घर, वहाल, आवास नष्ट भएमा वा खाद्यान्न वाली वा जग्गा जमिन र पसलमा नोक्सानी भै तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएको अवस्थामा ५ जनासम्मको परिवारका सदस्यलाई रु १५,००० उपलब्ध गराउने

- विपद्बाट घर, वहाल, आवास नष्ट भएमा वा खाद्यान्न वाली वा जग्गा जमिन र पसलमा नोक्सानी भै तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएको अवस्थामा ५ जनाभन्दा बढी परिवारका सदस्यलाई रु २०,००० उपलब्ध गराउने

- विपद्को घटनामा परी खाद्यान्न तथा हाल बसोवास गरी रहेको घर पूर्ण रुपमा नष्ट भएमा वा पूर्ण रुपमा नष्ट नभए पनि सम्भावित खतराबाट जोगिन

सुरक्षित स्थानमा नयाँ घर निर्माण गर्नुपर्ने भएमा त्यस्तो परिवारलाई रु एक लाखसम्म आर्थिक सहयोग उपलब्ध गराउने

- मनसुनको समयमा बाढी, पहिरो, डुवान तथा कटान लगायतका कारण पूर्ण रुपमा घर क्षति भै घरवारविहिन हुने परिवारलाई २०७२ को भूकम्प पीडितलाई प्रदान गरिएको वरावरको राहत रकम उपलब्ध गराउने
- विपद्का घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च भूक्तानी गरिदिने
- विपद्का घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालमा उपचार गराई घर फर्कदा आर्थिक सहयोग स्वरुप प्रतिव्यक्ति रु एकहजार र यातायात खर्च दिने

७.२ माथि उल्लेख भएको राहत बाहेक महानगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति र राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको निर्णयमा थप रकम प्रदान गर्न सकिनेछ । यसै गरी विशिष्ट प्रकारको विपद्को लागि प्रदान गरिने राहत रकम वा जिन्सी सामान फरक हुन सक्नेछ । उदाहरणको लागि जाडो मौसममा दिइने न्यानो सामाग्रीमा कम्बल मात्र भएपनि उपलब्ध गराइनेछ । असिना तथा

खडेरीले खेतीपातीमा परेको असर, आगलागीले व्यवसायमा परेको असर, असिनाले आश्रयस्थलमा परेको असलाई लेखाजोखा गर्न महानगरपालिकाले प्राविधिक खटाउने छ र सो को आधारमा राहत वितरण गर्नेछ ।

७.३ विषयगत क्षेत्रको राहत सकेसम्म राहत वितरण गर्दा स्फिएर मापदण्ड तथा विषयगत क्षेत्रले तोके अनुसार हुनेछ । प्रत्येक विषयगत क्षेत्रले राहत सामाग्रीको सूची निरन्तर अद्यावधिक गर्नेछन् । उदाहरणको लागि आपत्कालीन आश्रयस्थल, खाद्य र गैर खाद्य राहत सामाग्री यस प्रकार हुनेछ ।

**आपत्कालीन आश्रयस्थल, गैर खाद्य र खाद्य सामाग्री**

घरमुलीको ६ जनाको परिवारलाई आधार मानेर निम्नानुसारको राहत सामग्री उपलब्ध गराइने छ ।

| सामग्रीको नाम | इकाई | जम्मा |
|---|---|---|
| त्रिपाल | थन | २ |
| नाइलन डोरी | केजी | १.५ |
| कम्बल | थान | २ |
| म्याट्रस | थान | २ |
| किचन सेट (ढक्कन सहितको देक्ची ४, थाल ३ गिलास ४, डाडु १, पन्युँ १) | सेट | १ |
| महिलाको सारी | थान | १ |
| सर्टको कपडा | मिटर | ४ |

| | | |
|---|---|---|
| पैन्ट कपडा | मिटर | ३.५ |
| छिटको कपडा | मिटर | ७ |
| पाप्लीन कपडा | मीटर | २ |
| झोला | थन | १ |

यसका अलावा अन्य सामानहरु जस्तै सोलार बत्ती, स्टोभ, तेल जस्ता सामाग्री पनि थप्न सकिनेछ ।

**खाद्य सामाग्री (तत्कालिन अवस्थामा -विपद् भएको ५ दिन सम्म, पूर्ण खाद्य सामाग्री नभएको अवस्थामा)**

| सामाग्री | इकाइ | मात्रा (प्रतिव्यक्ति प्रतिदिन) |
|---|---|---|
| चिउरा | केजी | ०.२ |
| चउचाउ | प्याकेट | १ |
| विस्कुट | प्याकेट | १ |
| चिनी | ग्राम | २५ |
| नुन | ग्राम | ७ |

**खाद्य सामाग्री (५ दिन पछि)**

| सामाग्री | इकाइ | मात्रा (प्रतिव्यक्ति प्रतिदिन) |
|---|---|---|
| चमल | ग्राम | ४१० |
| द्याल | ग्राम | ६० |
| खाने तेल | मिलिलिटर | ३० |
| नुन | ग्राम | ७ |

मानवीय सहयोग मापदण्डः प्रभावितहरूको पहुँच निम्न वस्तुमा हुनेछः (१) प्रति व्यक्ति प्रति दिन न्यूनतम २,१०० क्यालोरी प्राप्तहुने गरी खाद्यान्न, सम्भव भएसम्म निश्चित समूहका व्यक्तिहरूका (साना बालवालिका, एच.आई.भी.भएका, कुपोषित व्यक्तिहरू आदि) लागि उनीहरूको आवश्यकतालाई पूरा गर्न सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था गर्न सकिने)।

महानगरपालिका स्तरीय विषयगत क्षेत्रले महानगर सुहाँउँदो राहतको परिमाण तय गर्ने क्रममा रीाष्ट्रय तहमा विषयगत क्षेत्रले अद्यावधिक गर्ने राहत परिमाणलाई आधार मान्नेछ। यसको लागि https://un.org.np/humanitarian-coordination-and-clusters वेभ पेज र त्यसमा भएका लिंकहरुलाई आत्मसाथ गरिनेछ।

## ८. राहतको तयारी, व्यवस्थापन तथा वितरण सम्बन्धी प्रक्रिया

- राहत प्राप्त गर्ने व्यक्तिको सूचना आपत्कालीन कार्यसंचालन केन्द्रले तोके अनुसारको समुहमा हुनेछ। समुदाय स्तरीय विपद् व्यवस्थापन समितिलाई राहत प्राप्त गर्ने स्पष्ट आधार दिई विवरण संकलन गर्ने प्रारम्भिक जिम्मेवारी दिइने छ। विपद्को अवस्था अनुसार राहत प्राप्त गर्ने व्यक्तिको विवरण तत्काल संकलन गरिनेछ। तत्कालीन अवस्थामा राहत प्राप्त गर्न योग्य व्यक्तिको सूची एक दिनमा नै तयार

गर्नुपर्नेछ । विषयगत क्षेत्रको राहतको लागि सूचीलाई परिमार्जन गर्न सकिनेछ ।

- समुदाय स्तरीय विपद् व्यवस्थापन समितिले संकलन गरेको विवरणलाई वडा स्तरीय विपद् व्यवस्थापन समितिले पुनरावलोकन गरी राहत प्राप्त गर्नु नपर्ने परिवारलाई हटाई छुटेका परिवारलाई पारदर्शी रुपमा समावेश गर्नेछ । यसको लागि विपद्को प्रभावको आधारमा वडाले प्रारम्भिक राहतको लागि एकदिन भित्र पुनरावलोकन गर्नुपर्नेछ । यद्यपि जीवन सुरक्षा गर्ने सम्बन्धी राहत कार्य अन्तिम सूची आइनपुग्दै पनि गरिनेछ । महानगरपालिकाको विपद् व्यवस्थापन कोष संचालन कार्यविधि अनुसार वडा स्तरीय विपद् व्यवस्थापन समितिले रु २०००० सम्मको राहत तत्काल वितरण गर्न सक्नेछ ।

- वडास्तरीय विपद् व्यवस्थापन समितिले बुझाएको राहत प्राप्त गर्ने विवरणलाई महानगरस्तरीय वातावरण तथा विपद् समितले पुनरावलोकन गर्नेछ र अन्तिम सूची तयार गर्नेछ ।

- अन्तिम सूचीलाई राहत व्यवस्थापन तथा वितरण समन्वय समिति मार्फत स्वीकृत गरिनेछ ।

- राहत प्राप्त गर्ने व्यक्तिहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुलाई उनीहरु वढी जोखिम हुने हुनाले सकेसम्म समावेश गरिनेछ ।

- मानवीय क्षति तथा आश्रयस्थलको क्षति अनुसार प्रदान गरिने भनिएको राहत रकम महानगरपालिका स्तरीय राहत व्यवस्थापन तथा वितरण समन्वय समिति मार्फत गरिनेछ । यद्यपि रु २०,००० सम्मको राहत रकम वडा स्तरीय विपद् व्यवस्थापन समिति मार्फत प्रदान गर्न सकिने छ ।

- विषयगत क्षेत्रको राहत सामाग्री उपलब्ध हुने र भण्डारण गर्ने प्रक्रिया विषयगत क्षेत्रमा कार्यरत सदस्यहरुले उपलब्ध गराउने छन् ।

- आवश्यकता अनुसार महानगरपालिकाको राहत सामाग्री कक्षमा राहत संकलन गरिनेछ ।

- आपत्कालीन कार्यसंचालन केन्द्रले नदोहोरिने किसिमबाट राहत वितरण योजना तयार गर्नेछ ।

- बन्दोबस्ती विषयगत क्षेत्रको अगुवाईमा र विषयगत क्षेत्रको समन्वयमा विषयगत क्षेत्रसँग सम्बन्धित राहत वितरण कार्य सम्पन्न गरिनेछ ।

- अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा राहत वितरण केन्द्रमा आउन नसक्ने व्यक्तिको लागि घरमा नै राहत सामाग्री उपलब्ध गराइनेछ ।
- राहत वितरण पश्चात राहत सामाग्रीमाथि लाभाग्राहीको सन्तुष्टि मापन गर्न सर्भेक्षण गरिने छ र त्यसबाट प्राप्त नतिजालाई आगामी दिनहरुमा राहत वितरण गर्दा ध्यान दिइने छ ।

## ९. कारवाही सम्बन्धी व्यवस्था

- यस मापदण्डमा तोकिएको अवस्था पूरा नभएको व्यक्तिले झुट्टा विवरण गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।
- यस मापदण्डको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारी लाई समेत प्रचलित कानुन वमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको हदसम्मको रकम निजवाट असुल गरिनेछ ।

## १०. राहत वितरण सम्बन्धी अभिलेख राख्नुपर्ने

राहत वितरण भएको विवरणको अभिलेख महानगरपालिको आपत्कालीन कार्यसंचालन केन्द्र तथा वडास्तरमा मा राखिनेछ र सो विवरण जिल्ला, प्रदेश तथा केन्द्रिय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराइनेछ ।


## ११. विविध

आपत्कालीन अवस्थामा राहत वितरण गर्दा अन्तरराष्ट्रिय अभ्यास अनुसार राहतको लागि नगद उपलब्ध गराउन प्रयास गरिनेछ । यद्यपि जिन्सी सामान उपलब्ध गराउने निर्णय भएमा आपत्कालीन अवस्थाको लागि सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावलीहरुमा आवश्यकता अनुसार परिमार्जन गरिनेछ र छिटोभन्दा छिटो राहत सामाग्री उपलब्ध गराइनेछ ।

यस विपद् राहत मापदण्डले ललितपुर महानगरपालिकामा रहेका अन्य सबै राहत वितरण सम्बन्धी प्रावधान तथा निर्णयहरुलाई खारेज गर्नेछ ।

# अनुसूची १

## *१. आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी सांगठनात्मक संरचना*



## *अनुसूची: २*

## *आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी विषयगत क्षेत्र*

**ललितपुर महानगरपालिकाको सांगठानात्मक संरचना हाल उपलब्ध नभएकोले महानगरपालिकाले आवश्यकता अनुसार परिमार्जन गर्न सक्ने**

| **विषयगत क्षेत्र** | **संयोजक (महानगरपालिकाबाट)** | **सदस्यहरु** |
|---|---|---|
| शिक्षा | शिक्षा महाशाखा प्रमुख | जिल्ला शिक्षा समन्वय शाखा प्रमुख<br>शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>युनिसेफ तथा अन्य राष्ट्र संघीय कार्यालय प्रतिनिधि |

| विषयगत क्षेत्र | संयोजक (महानगरपालिकाबाट) | सदस्यहरु |
|---|---|---|
| स्वास्थ्य तथा पोषण | समाज कल्याण महाशाखा प्रमुख | सामुदायिक विकास शाखा प्रमुख<br>जनस्वास्थ्य शाखा प्रमुख<br>राष्ट्र संघीय कार्यालयका प्रतिनिधि<br>नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>सरकारी तथा नीजि अस्पताल व्यवस्थापन समितिका प्रतिनिधि<br>क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>संचार माध्ययमका प्रतिनिधि |

| **विषयगत क्षेत्र** | **संयोजक (महानगरपालिकाबाट)** | **सदस्यहरु** |
|---|---|---|
| आश्रयस्थल, खाद्य तथा गैर खाद्य | शहरी विकास महाशाखा प्रमुख | भूउपयोग तथा बस्ती विकास शाखा प्रमुख<br>राष्ट्र संघीय कार्यालयका प्रतिनिधि<br>सम्पदा, संस्कृति, पुरातत्व संरक्षण केन्द्र<br>भवन एवं पार्क निर्माण एवं विविध योजना शाखा<br>उद्योग वाणिज्य संघका प्रतिनिधी<br>नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>संचार माध्ययमका प्रतिनिधि |

| **विषयगत क्षेत्र** | **संयोजक (महानगरपालिकाबाट)** | **सदस्यहरु** |
|---|---|---|
| खानेपानी तथा सरसफाई | ढल निकास तथा खानेपानी शाखा प्रमुख | वातावरण शाखा प्रमुख<br>राष्ट्र संघीय कार्यालयका प्रतिनिधि<br>सरसफाई उपशाखा प्रमुख<br>जनस्वास्थ्य शाखा प्रमुख<br>नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>सञ्चार माध्ययमका प्रतिनिधि |
| संरक्षण | समाज कल्याण महाशाखा प्रमुख | सामुदायिक विकास शाखा प्रमुख<br>राष्ट्र संघीय कार्यालयका प्रतिनिधि |

| विषयगत क्षेत्र | संयोजक (महानगरपालिकाबाट) | सदस्यहरु |
|---|---|---|
| | | यल युवालय शाखा प्रमुख<br>पंजिकरण उपशाखा प्रमुख<br>नगर प्रशरी बल शाखा प्रमुख<br>नेपाल प्रहरीका प्रतिनिधि<br>संरक्षणमा कार्यरत गैर सरकारी संस्थाका प्रतिनिधिहरु<br>नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>संचार माध्ययमका प्रतिनिधि |
| बन्दोबस्ती | नगर प्रहरी बल | प्रशासन महाशाखा प्रमुख<br>राष्ट्र संघीय कार्यालयका प्रतिनिधि |

| **विषयगत क्षेत्र** | **संयोजक (महानगरपालिकाबाट)** | **सदस्यहरु** |
|---|---|---|
| | | आर्थिक प्रशासन महाशाखा प्रमुख<br>दुर संचार प्राधिकरणका प्रतिनिधि<br>सवारी उपशाखा प्रमुख<br>जिल्ला तथा महानगरपीलकामा रहेको सुरक्षा निकायका प्रतिनिधि<br>उद्योग वाणिज्य संघका प्रतिनिधि<br>जिन्सि शाखा प्रमुख |
| खोज तथा उद्धार | नगर प्रहरी बल | जुद्ध वारुण यन्त्र शाखा प्रमुख<br>जिल्ला तथा महानगरपीलकामा रहेको सुरक्षा निकायका प्रतिनिधि |

| विषयगत क्षेत्र | संयोजक (महानगरपालिकाबाट) | सदस्यहरु |
|---|---|---|
| | | नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि<br>सरकारी तथा नीजि अस्पताल व्यवस्थापन समितिका प्रतिनिधि |

प्रमाणीकरण
२०८०/८/८

आज्ञाले
विरेन्द्र देव भारती
प्रमुख प्रसाशकीय अधिकृत